# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २७ गते २०१७ साल

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालयको सूचना

श्री ५ को सरकारको निम्नलिखित आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ । सम्बन्धित सरकारी कर्मचारीहरूले सो बमोजिम गर्नु गराउनु होला ।

१, प्रत्येकजिल्ला अदालतको सदर मुकाममा रहनेगभर्नमेंन्ट प्लीडर तथा पब्लिक प्रोसिलेक्यूटर-हरूको पोष्टिङ्ग भइसकेको त्यसमध्ये काजमा खटिई गैरहेका जति काजबाट फर्किई नआएसम्मका लागि र प्रत्येक इलाका अदालतको सदर मुकाममा रहने असिष्टेन्ट गभर्नमेन्ट प्लीडर तथा असिष्टेन्ट पब्लिक प्रेसेक्यूटर पदको दरवन्दीमा नियुक्त हुन बांकी रहेकोले सो नभएसम्मको लागि र आवश्यकतानुसार पछिलाईसमेत काम नरोकिने गर्न निजहरूको अनुपस्थितिमा वा उपस्थित रहे पनि जिल्ला अदालत वा इलाका अदालतको कार्यक्षेत्र भित्र एकै पटक एकभन्दा धेरै मुद्दाको शुरू तहकीकात जांच बझ इत्यादि सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ बमोजिम गर्नु परी सबै केसमा तत्काल उक्त लेखिए बमोजिमको काम गर्न नभ्याउने अवस्थालाई उक्त पदको सो काम गर्नालाई असिष्टेन्ट गभर्नमेन्ट प्लीडर तथा असिष्टेन्ट पब्लिक प्रोसेलेक्यटरको पदमा प्रत्येक इलाका अदालतका स्रेस्तेदारलाई अर्को आदेश नभएसम्म पदेन नियुक्त गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ त्यस्ता पदेन नियुक्त भएका कर्मचारीले आफूले तहकीकात र जांच बूझ गर्न जानु-परेको केसको सूचना सरोकारवाला गभर्नमेन्ट प्लीडर तथा पब्लिक प्रोसेक्यूटर अथवा अष्सिटेन्ट गभर्नमेन्ट प्लीडर तथा असिष्टेन्ट पब्लिक प्रोसेक्यूटरलाई तत्काल दिने र मुद्दा दायरहुने भएमा सो भए पछि त्यसको पनि सूचना तुरून्त दिने गर्नुपर्छ ।

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव,
कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय ।

श्री ५ को सरकार
## कानुन, तथा संसदीय प्रवन्ध मन्त्रालयको
## सूचना

१. (क) श्री ५ को सरकारले देहायका सरकारी वकीलहरूलाई देहाय बमोजिम पोष्टिङ्ग गरेको छ :–

| सरकारी वकीलको नाम | पद | | अदालत |
|---|---|---|---|
| १. श्री वेदप्रसाद घिताल | गभर्नमेन्ट एडभोकेट | | मध्य माञ्चल उच्च अदालत |
| २, श्रीरमानन्दप्रसाद सिंह | " | | पूर्वाञ्चल उच्च अदालत |
| ३. श्रीजगन्नाथप्रसाद उपाध्याय | " | | पश्चिमाञ्चल उच्च अदालत |
| ४. श्रीरत्नलाल कनौडिया | गभर्नमेन्ट प्लीडर तथा प्रोसेक्यूटर | | जिल्ला अदालत काठमाडौ |
| ५ श्रीप्रचन्डराज अनील | " | " | ललितपुर |
| ६. श्रीशोभाकर उपाध्याय | " | " | " भक्तपुर |
| ७. श्रीनीलपराक्रम राजवंशी | " | " | " रामेछाप |
| ८. श्रीकुलप्रसाद उपाध्याय | " | " | " भोजपुर |
| ९. श्रीशंकरध्वज जोशी | " | " | " म्याङलुङ |
| १०. श्रीओमभक्त श्रेष्ठ | " | " | " मेची |
| ११. श्रीइन्द्रराज पान्डे | " | " | " धरान |
| १२. श्रीचतुरभजलाल कायस्त | " | " | " महोत्तरी |
| १३. श्रीशुरवीर अधिकारी क्षेत्री | " | " | " सप्तरी |
| १४. श्री शर्बनाथ उपाध्याय | " | " | " वीरगञ्ज |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १५. श्रीइन्द्रदत्त छत्कुली | ,, | ,, | ,, | बुटौल |
| १६. श्रीकेदारप्रसाद शर्मा | ,, | ,, | ,, | नेपालगञ्ज |
| १७. श्रीरोहिणीप्रसाद मैनाली | ,, | ,, | ,, | महाकाली |
| १८. श्रीताराप्रसाद खरेल | ,, | ,, | ,, | डोटी |
| १९. श्रीकोमलप्रसाद उपाध्याय | ,, | ,, | ,, | जुम्ला |
| २०. श्रीदेवीप्रसाद उपाध्याय | ,, | ,, | ,, | सल्यान |
| २१. श्रीऋद्धिमानन्द वज्राचार्य | ,, | ,, | ,, | पाल्पा |
| २२. श्रीअम्बिकाप्रसाद उपाध्ताय | ,, | ,, | ,, | पोखरा |
| २३ श्रीत्रिभुवनप्रताप राणा | ,, | ,, | ,, | गोरखा |

(ख) यो प्रकरणको उपप्रकरण (क) मा उल्लिखित सरकारी वकीलहरूको अफिस उपरोक्त अदालतहरूको सदर मुकाममारहने छ तर मध्यमाञ्चलका लागि रहने गभर्नमेन्ट एडभोकेटको अफिस एटर्नीजनरल अफिससंग संलग्न रहनेछ ।

२. हाल पूर्वाञ्चलको गभर्नमेन्ट एडभोकेट अध्ययन विदामा र पश्चिमान्चलका गभर्नमेन्ट एडभोकेट काजमा गइरहेकाले निजहरूको सो अनुपस्थितिमा अर्को आदेश नभएसम्म क्रमशः जिल्ला अदालत धरान र जिल्ला अदालत नेपालगञ्जको सदर मुकाममा रहने गभर्नमेन्ट प्लीडर तथा पब्लिक प्रसिक्यूटरले गभर्नमेन्ट एडभोकेटको निमित्त जनाई गभर्नमेन्ट एडभोकेटको कामसमेत गर्ने गरिको छ ।

३. माथि प्रकरण १ को उप प्रकरण (क) बमोजिम पोष्टिङ्ग भएका सरकारी वकील मध्ये निम्नलिखित व्यक्तिहरू हाल जिल्ला दौडाहामा काज खटिई गइरहेकाले सो दौडाहाको काम समाप्त भए पछि ठेकिएका ठाउंमा तुरुन्त कार्यभार सम्हालन जानु पर्छ । अरूले सूचना पाउनासाथ २०१८ साल वैशाख १ गते अगावै ठेशिएका ठाउंमा यथा संभव पुगिसक्नु पर्छ ।

१. श्री प्रचन्डराज अनील
२. श्री शोभाकर उपाध्याय
३. श्रीचतुर्भुजलाल कायस्त
४. श्री शंकरध्वज जोशी
५. श्री केशवनाथ उपाध्याय
६. श्री शूरवीर अधिकारी क्षेत्री
७. श्री ताराप्रसाद खरेल
८. श्री इन्द्रदत्त छत्कुली
९. श्री अम्बिकाप्रसाद उपाध्याय

आज्ञाले'
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारका का. मु. सचिव
"कानून, न्याय तथा संसदीय प्रवन्ध मंन्त्रालय"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालयको सूचना

श्री ५ को सरकारको निम्नलिखित आदेश सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ। सम्बन्धित सरकारी कर्मचारीहरूले सो बमोजिम गर्नु गराउनु होला ।

१ प्रत्येक जिल्ला अदालतको सदर मुकाममा रहने गभर्नमेन्ट प्लीडर तथा पब्लिक प्रोसेक्यूटरहरूको पोष्टिङ्ग भइसकेको त्यसमध्ये काजमा खटिई गइरहेका जति काजबाट फर्किई नआएसम्मका लागि र प्रत्येक इलाका अदालतको सदर मुकाममा रहने असि-ष्टेन्ट गभर्नमेन्ट प्लीडर तथा असिष्टेन्ट पब्लिक प्रसिक्यूटर पदको दरवन्दीमा नियुक्त हुन बाँकी रहेकोले सो नभएसम्मको लागि र आवश्यकतानुसार पछिलाईसमेत काम नरोकिने गर्न निजहरूको अनुपस्थितिमा वा उपस्थित रहे पनि जिल्ला अदालत वा इलाका अदालतको कार्य क्षेत्रभित्र एकै पटक एकभन्दा धेरै मुद्दाको शुरू तहकीकात जाँचबूझइत्यादि सरकारी मुद्दा सम्बन्धी ऐन २०१७ बमोजिम गर्नु परी सबै केसमा तत्काल उक्त लेखिए बमोजिम काम गर्न नभ्याउने अवस्थालाई उक्त पदको सो काम गर्नालाई असिष्टेन्ट गभर्नमेन्ट प्लीडर तथा असिष्टेन्ट पब्लिक प्रसिक्यूटरको पदमा प्रत्येक इलाका अदालतका सूस्तेदारलाई अर्को आदेश नभएसम्म पदेन नियुक्त गरिएको छ ।

२ त्यस्ता पदेन नियुक्त भएका कर्मचारीले आफूले तहकीकात र जाँचबूझ गर्न जानु परेका केसको सूचना सरोकारवाला गभर्नमेन्ट प्लीडर तथा पब्लिक प्रसिक्यूटर अथवा असिष्टेन्ट गभर्नमेट प्लीडर तथा असिस्टेंट पब्लिक प्रसिक्यूटरलाई तत्काल दिने र मुद्दा दायर हुने भएमा सो भए पछि त्यसको पनि सूचना तुरुन्त दिने गर्नु पर्छ ।

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव
कानून न्याय, तथा संसदीय प्रबन्ध मन्त्रालय

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।